
का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ साउन २०८२,
शुक्रबार
18 July, 2025
Friday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न





# सरकारमाथि दबाब बढाउँदै शेखर

'हामी सरकारमा छौं, तर सत्तामा छैनौं, हाम्रो प्रतिस्पर्धी दल नेकपा एमाले भएकाले सरकारमा सहभागी मन्त्रीहरूले सरकारको काम गर्ने हो, बाहिर भएका नेताहरूले सरकारलाई खबरदारी गर्ने र पार्टी संगठनलाई प्रभावकारी बनाउने हो'



विपक्षी दलका नेतासँगको भेटले सरकारलाई करेक्सन भएर काम गर्न दबाब बढ्छ, नत्र विकल्पको समेत खोजी गर्न सक्ने अवस्था रहन्छ

■ **प्रा.डा. गोविन्दराज पोखरेल**
**केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ साउन ।

नेपाली राजनीतिमा नयाँ कोर्षको अभ्यास गर्दै आएका कांग्रेसका नेता डा.शेखर कोइरालाले पछिल्लो पटक सोही अभ्यास दोहोर्‍याएका छन् । बिहीबार नेता कोइरालाले प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटेर वर्तमान सरकारको १ वर्षीय कार्यकालको समीक्षात्मक आलोचना गरे ।

पूर्वप्रधानमन्त्री तथा विपक्षी दलका नेता प्रचण्ड निवास खुमलटारमा २ नेताबीच करिब २ घन्टा वार्तालाप भएको थियो । छलफलमा सरकारले एक वर्षमा विकृति घटाउनेभन्दा बढाउने काम गरेको निष्कर्ष निकालेका छन् । उनीहरूको भेटलाई अर्थपूर्णरूपमा हेरिएको छ ।

संसदको प्रमुख विपक्षी दलले सरकारको चर्को विरोध जनाइरहँदा प्रमुख सत्ता सहयात्री दल कांग्रेसका नेता कोइराला पनि सुरूबाटै वर्तमान सरकारको कटु आलोचक बनेर अभिव्यक्ति दिइरहेका थिए । १ वर्ष अघि संसदका २ ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको सत्ता सहकार्यपछि सरकार बाहिर पुगेको माओवादीले सुरूकै दिनबाट सरकारको विरोध गर्दै आएको छ । यही अवस्थामा भेटेर कांग्रेसका शीर्ष नेता कोइरालाले विपक्षीहरूको आवाजलाई बल पुर्‍याएका छन् ।

हुनत उनी यसअघि कांग्रेस-माओवादी सम्मिलित गठबन्धन सरकारको पनि उत्तिकै आलोचक थिए । २०७९ मा कांग्रेसकै मुख्य सहयोगमा माओवादी अध्यक्ष प्रचण्डले नेतृत्व गरेको सरकार गिराउनेमा नेता कोइरालाको भूमिका महत्वपूर्ण रहेको थियो । तत्कालीन अवस्थामा कांग्रेस सभापति शेरबहादुर देउवा र प्रचण्डबीचको सहमति अनुसार कोशी प्रदेशमा माओवादीलाई मुख्य मन्त्री भाग लगाएपछि रिसाएका नेता कोइरालाले मुख्यमन्त्रीमा विद्रोही बनाएर सांसद केदार कार्कीलाई एमाले सांसदहरूको सहयोगमा मुख्यमन्त्री बनाउन सफल भएका थिए । त्यसदेखि नै डा. कोइरालाले माओवादीसँगको सत्ता सहकार्य तोडेर एमालेसँग सहकार्य गर्ने कुरामा भूमिका खेलेका थिए । यद्यपि उनी अहिले कांग्रेस-एमाले सरकार हुँदा पनि राजनीतिक कोर्ष करेक्सनको बाटोमा लागेको देखिन्छ । जहिल्यै विद्रोही >>> पृष्ठ २ मा

## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरू:

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौ.
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौ.
- विना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौ,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौ,
- पानी संरक्षणका उपायहरु अपनाऔ,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

**'माटो बचाऔं, भविष्य जोगाऔं।'**

नेपाल सरकार
विज्ञापन बोर्ड

# कुलिङ पिरियडको गडबडी सच्याउँदै संसद्

एकातिर संसदीय विशेष छानबिन समितिले कहाँबाट कुलिङ पिरियडमा गडबडी भएको भनेर पत्ता लगाउँदैछ भने अर्कोतिर संसद्ले गडबडी सच्याउने प्रक्रिया सुरु गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ साउन ।

अवकाशप्राप्त सरकारी कर्मचारीले निश्चित समयसम्म संवैधानिक वा कूटनीतिक नियुक्ति नपाउने कानुनी प्रावधानको पक्षमा राजनीतिक दलहरू छन् । यही मतका आधारमा प्रतिनिधिसभा अन्तगर्तको राज्य व्यवस्था तथा सुशासन समितिले सरकारी कर्मचारीका लागि २ वर्ष कुलिङ पिरियडको प्रावधान राख्यो ।

तर, राजनीतिक सहमतिअनुसारको भाषा प्रयोग नभएको र कुलिङ पिरियड लागू नहुने गरी थप प्रावधान निजामती विधेयकमा राखिएको भनेर प्रश्न उठ्दै आएको छ । प्रश्न उठेपछि छानबिन गर्न नेपाली कांग्रेसका सांसद जीवन परियारको सभापतित्वमा संसदीय विशेष छानबिन समिति बनेको छ ।

एकातिर संसदीय विशेष छानबिन समितिले कहाँबाट कुलिङ पिरियडमा गडबडी भएको भनेर पत्ता लगाउँदैछ भने अर्कोतिर संसद्ले गडबडी सच्याउने प्रक्रिया सुरु गरेको छ ।

२१ फागुन २०८० मा दर्ता भएको निजामती सेवा विधेयक प्रतिनिधिसभाबाट १५ असार २०८२ मा पारित भएको थियो । प्रतिनिधिसभाबाट पारित भएको यो विधेयक राष्ट्रिय सभामा प्रक्रियामा अगाडि बढेको छ ।

यसअघि नै प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले राष्ट्रिय सभालाई कुलिङ पिरियडमा गडबडी भएको भनेर सच्याउन राष्ट्रिय सभालाई आग्रह गरिसकेको छ । त्यसअनुसार राष्ट्रियसभामा प्रक्रिया अगाडि बढेको हो ।

मंगलबार बसेको राष्ट्रिय सभाको बैठकमा निजामती सेवा विधेयकमाथि सैद्धान्तिक छलफल भएको थियो । सैद्धान्तिक छलफलपछि सभाले विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गर्‍यो । यो सँगै विधेयकमाथि संशोधन प्रक्रिया सुरू भएको छ । सांसदहरूलाई संशोधन प्रस्ताव दर्ता गर्नका लागि मंगलबारबाटै ७२ घण्टाको समय दिइएको छ ।

संसद् सचिवालयका सहसचिव मनोजकुमार गिरी विधेयकमा संशोधनको प्रक्रिया सुरु भएको बताउँछन् । उनी भन्छन्, 'निजामती सेवा विधेयकमा संशोधनको प्रक्रिया सुरु भएको छ । सांसदहरूले संशोधन प्रस्तावहरू राख्न सक्दछन् ।'

सांसदहरूले राखेको



निजामती सेवा विधेयकमा संशोधनको प्रक्रिया सुरु भएको छ । सांसदहरुले संशोधन प्रस्तावहरु राख्न सक्दछन् ।

■ **मनोजकुमार गिरी**
**सहसचिव**
**संसद् सचिवालय**

संशोधन प्रस्तावलाई एकीकृत गरेर सभाले अगाडि बढाउँछ । विधेयकमाथि दफावार छलफल सभामै वा विधायन व्यवस्थापन समितिमा गर्ने सभाले तय गर्छ । यस प्रक्रियाद्वारा कुलिङ पिरियडमा भएको भनिएको गडबडी सच्चिनेछ ।

विशेषगरी कर्मचारीले अवकाशपछि अन्य नियुक्ति लिन २ वर्षको कुलिङ अफ पिरियड राख्ने सहमति अनुसारको भाषा निजामती सेवा विधेयकमा प्रयोग नभएको भनेर प्रश्न उठेको छ । अब राष्ट्रिय सभाले संशोधनमार्फत् सच्याएर अगाडि बढाएपछि गडबडी पनि सच्चिनेछ ।

राष्ट्रिय सभाबाट विधेयक पारित भएपछि पुनः प्रतिनिधिसभामा आउँछ । सभामुख हुँदै राष्ट्रपतिसमक्ष पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनमा रुपान्तरित भएर लागू हुनेछ ।

# एमाले मुख्यालयमा हलचल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजनीतिक सक्रियतालाई लिएर नेकपा एमाले पार्टीमा हलचल मच्चिएको छ । बिहीबार पार्टीको सचिवालय बैठकमा विधान संशोधन प्रस्ताव र पूर्वराष्ट्रपति विद्या भण्डारीलाई जिम्मेवारी दिनेलगायतका विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।

पूर्वराष्ट्रपति विद्या भण्डारी सक्रिय राजनीतिमा आएपछि एमालेभित्र उमेर हद र दुई कार्यकालको व्यवस्थाको बहसको रापताप सुरू भएको नेताहरू बताउँछन् । आगामी भदौ तेस्रो हप्ता हुने पार्टीको विधान महाधिवेशनको पूर्वतयारी स्वरूप पार्टीको बैठक बसेर आवश्यक छलफल गर्ने प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले



बताए । एमालेको विधानमा भएको नेतृत्वका लागि ७० वर्षे उमेर हद र २ कार्यकालको व्यवस्थालाई पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र उनको समुहले हटाउन चाहेका छन् । तर, संस्थापन इतर समुहका नेताहरूले यो व्यवस्था कायम राखेर अघि बढ्नु पर्ने तर्क छ ।

पार्टी नेतृत्वको सोच बनाएर सक्रिय राजनीतिमा आएकी भण्डारीलाई रोक्न र फेरि पनि पार्टी नेतृत्वमा आफै रहने योजनासहित लागेको अध्यक्ष ओलीले विद्या भण्डारी कुनै सल्लाह विनै राजनीतिमा हाम फालेकाले उनलाई नेतृत्वमा आउन नदिने स्पष्ट जवाफ दिइसकेका छन् । ओलीले एक अन्तर्वार्तामा भनेका छन्', 'विद्याजीको हकमा राजनीतिमा आउनुपर्छ भनेर पार्टीले ठानेको, मानेको अवस्था छैन । पार्टी काम छोडेर धेरै वर्ष बाहिर बस्नुभयो । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### 'सर्भर डाउन'को सजाय सेवाग्राहीलाई
# कम्पनी अद्यावधिक नगरिदिंदा सैयौं म्यानपावरलाई जरिवाना

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन ।

कम्पनी रजिष्ट्रारको कार्यालयले समयमा कम्पनी अद्यावधिक गरेको चिठ्ठी नदिँदा वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिएका म्यानपावर कम्पनीहरू समयमा इजाजत नवीकरण गराउनबाट बञ्चित भइ जरिवानामा परेका छन् ।

वैदेशिक रोजगार विभागले सूचना जारी गर्दै असार मसान्तसम्ममा जरिवाना नतिरी नियमित शुल्क १० हजार रुपैयाँमा नवीकरण गराउन आह्वान गरेको थियो । तर कम्पनी रजिष्ट्रारको कार्यालयको सर्भर असार १५ गतेदेखि 'डाउन' हुँदा हजारौं सेवाग्राही प्रभावित भएका छन् । त्यसमा वार्षिक सय जना कामदार पठाएका म्यानपावर कम्पनी पनि परेका छन् ।

उनीहरूले असार मसान्तसम्म कम्पनी अद्यावधिकको पत्र नभएका कारण नवीकरणका लागि आवेदन दिन पाएनन् । कम्पनी रजिष्ट्रारको कार्यालयले अनलाइन प्रणालीका लागि नयाँ सफ्टवेयर सुरु गरेदेखि नै समस्या आएको थियो । यससँगै उनीहरू साउन १ गते अर्थात् बिहीबारदेखि विभागमा नियमित नवीकरण शुल्कका अतिरिक्त १० हजार विलम्ब शुल्क तिर्न बाध्य भएका छन् । >>> पृष्ठ २ मा

### यी हुन् धेरै कामदार पठाउने टप २० म्यानपावर

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा गएका कामदार र म्यानपावर कम्पनीले पठाएका कामदारको अन्तिम संख्या एकीकृत गरिरहेको बताएको छ । विभागले शुक्रबारका लागि बोलाएको पत्रकार सम्मेलनमा गत वर्ष वैदेशिक रोजगारमा गएका कामदार र म्यानपावर कम्पनीले पठाएको संख्यालगायतका विवरण सार्वजनिक गर्ने तयारी गरेको छ । विभाग स्रोतले मध्यान्ह दैनिकलाई दिएको अपरिष्कृत र प्रारम्भिक >>> पृष्ठ २ मा




### ८ लाख ३९ हजार बढीको श्रम स्वीकृति

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत वर्ष वैदेशिक रोजगारीका लागि ८ लाख ३९ हजार २ सय ७० जनालाई श्रम स्वीकृति प्रदान गरिएको बताएको छ । बिहीबार गत वर्षको प्रगति विवरण सार्वजनिक गर्दै मन्त्रालयले नयाँ श्रम स्वीकृतिको भार ६०.२८ प्रतिशत र पुनः श्रम स्वीकृतिको भार ३९.७२ रहेको बताएको छ ।

वैदेशिक रोजगारका लागि १ हजार ७७५ लाइसेन्स वितरण गरेकोमा गत >>> पृष्ठ २ मा

### यूएई दूतावासका कर्मचारीलाई अख्तियार पुऱ्याउने मञ्चको चेतावनी

**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले युनाइटेड अरब इमिरेट्स (यूएई)मा रहेको नेपाली दूतावासको श्रम शाखाले मागपत्र प्रमाणीकरण गर्दा ढिलासुस्ती, मोलमोलाइ र अन्यायपूर्ण व्यवहार गरेको आरोप लगाएको छ ।

मञ्चले बिहीबार विज्ञप्ति जारी गर्दै मागपत्र प्रमाणीकरण प्रक्रियामा दूतावासले देखाएको व्यवहारले >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२ साउन २०८२ शुक्रबार
18 July 2025, Friday

# रास्वपाले उम्मेदवार छनोटका लागि बनायो कार्यविधि

**काठमाडौं / मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा सदस्य निर्वाचन 'पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली'का लागि उम्मेदवार छनोटको कार्यविधि सार्वजनिक गरेको छ।

रास्वपाले बनाएको कार्यविधिमा नेतृत्व क्षमता, राजनीतिक निकटता, समावेशिता र आन्तरिक रुपमा हुने प्रारम्भिक निर्वाचनमा प्राप्त मतलाई उम्मेदवार छनोटको आधार बनाएको हो।

पार्टी केन्द्रीय कार्यालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा पार्टीका सहमहामन्त्री विपिन आचार्यले रुपन्देही-३ मा आगामी कात्तिक १७ गते हुने उपनिर्वाचनका लागि सोही कार्यविधिका आधारमा उम्मेदवार छनोट गरिने जानकारी दिए।



'रुपन्देहीलाई प्रस्थानबिन्दु मानेर पार्टीले उम्मेदवार छनोट विधि पारित गरेका हों', उनले भने, 'पार्टीले छान्ने उम्मेदवार पार्टीको गतिविधिमा संलग्न, पदाधिकारीदेखि सदस्यहरुले रुचाएको र क्षमतावान व्यक्ति जसले देश र जनताका लागि योगदान दिन सक्षम हुनुहुन्छ, यस्तो उम्मेदवारलाई छनोट गर्ने गरी कार्यविधि बनाएका हौं।'

पार्टीका प्रवक्ता मनिष झाले उम्मेदवारको स्वीकारत्व, व्यक्तित्व र क्षमता सधैं हाबी हुने स्पष्ट पारे। रास्वपाले पार्टी स्थापना भएयता आन्तरिकरुपमा प्रारम्भिक निर्वाचन विधिबाट उम्मेदवार चयन गर्दै आएको बताउदै आएको छ। सोही विधिमा थप परिमार्जन र परिस्कृत गर्दै नयाँ कार्यविधि बनाइएको जनाइएको छ।

'लिडरसिप एकेडेमीमा २५ प्रतिशत, पोलिटिकल प्राक्सेमिटीमा २० प्रतिशत, समावेशितामा पाँच प्रतिशत र प्रारम्भिक निर्वाचनको नतिजामा ५० प्रतिशत अंकभार निर्धारण गरिएको छ', प्रवक्ता झाले भने। पार्टीले एक साताभित्र उम्मेदवार छनोटको तालिका सार्वजनिक गर्ने बताएको छ।

**सरकारमाथि...**

स्वभाव देखाएर राजनीतिक मुभ गर्दै आएका नेता कोइरालाले आफुले एमालेसँग सत्ता सहकार्य गर्न दबाब दिएको भएपनि सरकारको नेतृत्व कांग्रेसले नै गर्नुपर्ने बताउँदै आएका थिए। गत पार्टीको बैठकमा समेत उनले सभापति शेरबहादुर देउवालाई सरकारको नेतृत्व गर्न दबाब दिएका थिए। 'हामी सरकारमा छौं', नेता कोइरालाले भनेका छन् 'तर सत्तामा छैनौं। हाम्रो प्रतिस्पर्धी दल नेकपा एमाले भएकाले सरकारमा सहभागी मन्त्रीहरूले सरकारको काम गर्ने हो बाहिर भएका नेताहरूले सरकारलाई खबरदारी गर्ने र पार्टी संगठनका कामलाई प्रभावकारी बनाउने हो।'

कांग्रेसकै नेतृत्वमा सरकार बनाउने विषयमा कोइरालाले निरन्तर प्रयास गरेपनि पार्टी सभापति देउवाले तयार नहुँदासम्म एमालेसँगको सहकार्य तोड्ने सम्भावना कम छ। तर कोइराला आफ्नो एजेण्डामा अडिग छन्। 'कांग्रेसले समर्थन गरेको सरकारले जनताका पक्षमा, सुशासनका पक्षमा र भ्रष्टाचारलाई शुन्य बनाउने गरी काम गर्ने हो', तर, यो सरकारले जनताका पक्षमा काम गर्न सकेन। मैले माओवादीसँगको सत्ता सहकार्य टुटाएर एमालेसँग सहकार्य गर्ने भनेको एमालेलाई सरकारको जिम्मा लगाउने भनेको थिएन। कांग्रेसले नै सरकारको नेतृत्व गर्नुपर्छ भन्ने मेरो पहिला पनि धारणा हो र अहिले पनि छ।'

उनको यो तर्कले पार्टीमा निरन्तर विद्रोही स्वभाव देखाएको नेताहरू बताउँछन्। पार्टी सरकारमा भएपनि सरकारकै विरोध नभई सहयोग गर्नुपर्ने कतिपय नेताहरूको तर्क छ। तर, कोइराला पक्षका नेताहरूले भने सरकारका गतिविधि नागरिकमैत्री नभएकाले त्यसलाई सच्याउन खबरदारी गर्नु आवश्यक भएको बताएका छन्। कोइराला पक्षका नेता डा.गोविन्दराज पोखरेलले सरकारका मन्त्रीहरू गलत बाटो हिंडे भने त्यसलाई सच्याउनका लागि सरकारकै सहयात्री भएपनि स्वस्थ आलोचना गर्नुपर्ने बताउँछन्। 'नेता कोइरालाले सरकारको हनिमुन पिरियडपछि सरकारलाई निरन्तर घचघच्याउन थाल्नुभएको थियो', उनले मध्यान्हसँग भने 'तर सरकारले केही कुरा सुनेन र एक वर्षभित्र काण्डै काण्ड आए। नागरिकप्रति सरकारका कुनैपनि काम सन्तोषजनक देखिएनन्। भिजिट भिसा काण्डदेखि मन्त्रीहरूका घुस प्रकरणको अडियो सार्वजनिक हुँदा समेत सरकार सचेत भएर काम गर्न सकेको छैन्।'

सरकारका यस्ता गतिविधिका कारण कांग्रेस नेता डा.कोइरालाले विपक्षी दलका नेतासंग संवाद गरेर सरकारलाई दबाब दिन खोजेको उनले जिकिर गरे। प्रचण्डसँगको भेटले सरकार करेक्सन भएर काम गर्न दबाब दिने अपेक्षा रहेको पोखरेलको भनाई छ। 'विपक्षी दलका नेतासँगको भेटले सरकार करेक्सन भएर काम गर्न दबाब बढ्छ, नत्र विकल्पको समेत खोजी गर्न सक्ने अवस्था रहन्छ', उनले भने' सरकार परिवर्तनको विकल्पका सन्दर्भमा अंक गणितमा नपुगेपनि दबाब अवश्य बढ्छ।'

बिहीबार भएको प्रचण्ड र कोइरालाबीचको भेटलाई अर्थपूर्ण रूपमा हेरिएको छ। दुई नेताबीच समसामयिक राजनीतिका विषयमा छलफल भएको र सरकारले विकृति फैलाउने काम गरेको भन्दै चिन्ता जाहेर भएको प्रचण्डको सचिवालयले जनाएको छ। 'सरकारले एक वर्षमा विकृति घटाउनेभन्दा बढाउने काम गऱ्यो भन्ने साझा बुझाइ दुई नेताका बीचमा रह्यो', प्रचण्डका स्वकीय सचिव गोविन्द आचार्यले भने 'दुईतिहाइको सरकार सामान्य प्रशासन सञ्चालन गर्न आएको सरकार जतिको पनि नभएको निष्कर्षसहित नेताहरू बाहिरिनुभयो।'

सरकारले गर्ने नियुक्तिदेखि निर्णयसम्म गलत तरिकाले गर्दै आएको विषयमा समेत नेताहरूबीच कुराकानी भएको नेता शेखर कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले बताए। 'सेवोनमा भएको नियुक्ति देखियो, अन्य ठाउँमा पनि कतै पनि मेरिटमा नियुक्ति हुन सकेको छैन', थपलियाले भने 'सरकारका निर्णयहरू भूमि विधेयकदेखि धेरै विषयमा समस्या छ। यस विषयमा आ-आफ्नो ठाउँमा रहेर आवाज उठाउँदै जाने दुवै नेताहरूबीच समझदारी बनेको छ।'

नेता प्रचण्ड र कोइरालाबीच यस्तो समझदारी भएको अवस्थामा आगामी संसद्मा सरकालाई थप चूनौती थपिएको छ। कांग्रेसभित्र पनि यसले दबाब बढाउने हुँदा सभापति देउवाले सरकारको विकल्पकाबारे समेत सोच्न सक्ने अवस्था रहने राजनीतिक बृत्तमा नयाँ बहस सुरू भएको छ।

**एमाले...**

उहाँसँग कार्यकारी पदमा बसेर चलाएको अनुभव पनि छैन। यसैले अहिले उहाँलाई एमालेको नेतृत्व हस्तान्तरण गर्न सक्ने अवस्था छैन।'

यो विषयमा पार्टी सचिवालय बैठकमा समेत चर्चा पाएको थियो। बैठकमा प्रस्तुत भएको पार्टीको विधान संशोधन प्रस्तावमा ७० वर्षको उमेरहद र २ कार्यकालको व्यवस्था हटाइएको छ। यद्यपि, पूर्वव्यवस्था हटाउनुपर्ने आधार र तर्कको खोजी हुनुपर्ने कुरा उठेपछि छलफल बैठकनै लम्बिएको थियो।

सचिवालय बैठकमा विद्या भण्डारी र जिम्मेवारीबारे औपचारिक रुपमै छलफल प्रारम्भ भएको नेकपा एमालेका सचिव योगेश भट्टराइले बताए। 'भण्डारी आइसकेपछि पार्टीमा छलफल हुने र त्यो पार्टीको विषय बनेको छ', उनले भने 'उहाँ पार्टीमा सक्रिय हुन आउनुहुन्छ भने ऊचित स्थान पनि दिनुपर्ला, सम्मानजनक ठाउँ पनि खोज्नुपर्ला। यो विषय पार्टीको हाइलेवलमा कुराकानी होस् भन्ने हाम्रो चाहाना छ।'

विद्याले आफूहरूसँग कुनै परामर्श नगरी राजनीतिमा आएको घोषणा गरेकाले यसबारे पार्टीले छिट्टै औपचारिक निर्णय लिने नेताहरूले बताएका छन्। अध्यक्ष ओलीले भण्डारीले राष्ट्रपति हुँदा राम्रो काम गरे पनि अहिले मर्यादा भुल्न खोजेको टिप्पणी समेत गरेका छन्। उनले भनेका छन्, 'विद्याजीले राष्ट्रपति छँदासम्म संविधानको रक्षक र पालकको भूमिकामा राम्रो काम गर्नुभयो। राष्ट्रपति सेनाको परमाधिपति हो। सबैको साझा पनि हो।'

सचिवालय बैठकमा १९ सदस्यीय पार्टी पदाधिकारी घटाएर ११ कायम गर्ने प्रस्ताव पेश भएको छ। उपाध्यक्ष विष्णु पौडेलले पेश गरेको विधान संशोधन प्रस्तावमा उक्त व्यवस्था गरिएको हो। एमालेमा अहिले वरिष्ठ उपाध्यक्षसहित १९ पदाधिकारी छन्। अध्यक्षसहित ३ उपाध्यक्ष, एक-एक महासचिव र एक-एक उपमहासचिव तथा पाँच सचिवको प्रस्ताव संशोधित विधानमा रहेको छ। १ सय ९९ केन्द्रीय सदस्य संशोधित विधान प्रस्तावमा उल्लेख छ।

पदाधिकारी संख्या संकुचित गर्दा कतिपय नेताको व्यवस्थापनमा जटिलता हुने भन्दै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहितका नेताले असहमति प्रकट गरेका छन्। १० औं महाधिवेशनले केन्द्रीय कमिटी संख्या २ सय २५ बाट ३ सय १ पुऱ्याएको थियो। यो बीचमा मनोनीत भएका समेत गर्दा अझ बढेको छ। सचिवालय बैठकपछि पोलिट्ब्युरो र आगामी ५ गते केन्द्रीय कमिटी बैठक बस्ने एमाले नेताहरूले बताएका छन्। एमालेमा यतिवेला आगामी नेतृत्वको तयारीसहित विद्या भण्डारीको सक्रिय राजनीतिले तरंगित बनाएको छ।

**कम्पनी...**

म्यानपावर कम्पनीले नवीकरण शुल्क १० हजार र विलम्ब शुल्क ३० हजार रुपैयाँ तिरेर असोज मसान्तसम्ममा इजाजत नवीकरण गर्न पाउने व्यवस्था छ। असोज मसान्तसम्ममा पनि नवीकरण नगर्ने म्यानपावर कम्पनीको लाइसेन्स खारेजीमा पर्ने गरेको छ।

उता संघीय संसद्का दुवै सदनबाट पारित केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण नहुँदा वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिन नसकेका दुई सय बढी म्यानपावर कम्पनीको कारोबार बुधबार मध्यरातिदेखि रोकिएको छ।

वैदेशिक रोजगार विभागका निर्देशक टिकाराम ढकालले सय संख्या नपुऱ्याउने म्यानपावर कम्पनीको संख्या दुई सयभन्दा बढी रहेको आंकलन गरिएको बताएका थिए। कम्पनी रजिष्ट्रारको कार्यालयले समयमा अद्यावधिकको पत्र नदिएका कारण असार मसान्तसम्म नवीकरणको आवेदन दिन नपाएका म्यानपावर कम्पनीको संख्या पनि ठूलै रहेको अनुमान छ। यस वर्ष २०९ वटा म्यानपावर कम्पनीले नवीकरणका लागि निवेदन दिएका छन्।

एक हजारभन्दा धेरै म्यानपावर कम्पनी रहेको अवस्थामा सानो संख्याले मात्रै नवीकरणको निवेदन दिनुले कम्पनी रजिष्ट्रारको अद्यावधिक पत्र नपाएको प्रष्ट देखिएको कतिपयको भनाइ छ।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्ले पारित गरे पनि राष्ट्रपतिबाट प्रमाणीकरण र नेपाल राजपत्रमा प्रकाशित भइ कार्यान्वयनमा आउन समय लाग्ने बताइएको छ।

वैदेशिक रोजगार ऐनमा रहेको इजाजत नवीकरणमा बाधक बनेको संख्या सय प्रावधान खारेज भएपनि वैदेशिक रोजगार नियमावलीमा रहेको संख्या सयसम्बन्धी व्यवस्था मन्त्रिपरिषद्बाट खारेज नभएको अवस्थामा ऐनको प्रावधान सहजै कार्यान्वयनमा ल्याउन नमिल्ने कतिपय कर्मचारीको भनाइ छ।

संख्या सय खारेज गर्ने कानुन राजपत्रमा प्रकाशित भएपछि नियमावली खारेजीको प्रक्रिया सुरुवात भए त्यसले समय लिने र हाल विभागको प्रणालीमा कारोबार रोकिएका म्यानपावर कम्पनीलाई कामकाज सञ्चालन गर्न थप समय कुर्नुपर्ने त होइन ? भन्ने त्रास पनि देखिएको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघले भने वैदेशिक रोजगार ऐनबाट संख्या सय खारेज गर्ने विधेयक यथाशक्य छिटो प्रमाणीकरणका लागि आफ्नो प्रयास जारी राखेको बताएको छ।

**यी हुन्...**

रिपोर्टअनुसार प्याराडाइज इन्टरनेशनल प्रा.लि. ८ हजार ६८८ जना कामदार पठाएर सूचीको शीर्ष स्थानमा रहेको छ। यस्तै नीलकमल ह्युमन रिसोर्स प्रा.लि. ८ हजार ६८३ जना कामदार पठाएर दोस्रो, एसओएस म्यानपावरसर्भिस प्रा.लि. ७ हजार ८५४ जना पठाएर तेस्रो, लिंक इन्टरनेशनल प्लेसमेन्ट सेवा प्रा.लि.४ हजार ९९२ जना पठाएर चौथो तथा गल्फ म्यानपावर सेवा प्रा.लि. ३ हजार ९५५ जना पठाएर पाँचौं स्थानमा रहेका छन्।

त्यस्तै एयर किंग्स प्लेसमेन्ट प्रा.लि. ३ हजार ९५२ जना कामदार पठाएर छैटौं, साउन्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि. ३ हजार ७५६ जना पठाएर सातौं, द रिभर ओभरसिज प्रा.लि. ३ हजार २६९ जना पठाएर आठौं, एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्सी प्रा.लि. ३ हजार ११० जना पठाएर नवौं तथा एशिया लिंक प्रा.लि. २ हजार ९९९ जना पठाएर दशौं स्थानमा रहेका छन्।यसैगरी सान नेपाल प्रा.लि. २ हजार ९९८ जना पठाएर ११औं, अल-अस्माक्स कम्पनी प्रा.लि. २ हजार ८९६ जना पठाएर १२औं, लुलु इन्टरनेशनल प्रा.लि. २ हजार ८२० जना पठाएर १३औं, अल सेक्योर म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. २ हजार ७०७ जना पठाएर १४औं तथा इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि. २ हजार ६६९ जना पठाएर १५औं स्थानमा रहेका छन्।

त्यस्तै ब्रदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि. २ हजार ६६२ जना पठाएर १६औं, अल-हयात म्यानेजमेन्ट प्रा.लि. २ हजार ५८४ जना पठाएर १७औं, सपोर्ट ह्युमन रिसोर्सेस प्रा.लि. २ हजार ५४८ जना पठाएर १८औं, शिखर इन्टरनेशनल म्यानपावर सर्भिसेस प्रा.लि. २ हजार ४२० जना पठाएर १९औं र भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि. २ हजार ३८३ जना पठाएर सूचीको २०औं स्थानमा रहेको हालसम्म तयार विवरणमा देखिएको छ।

केही कम्पनीको विवरण रुजु भइरहेकाले अन्तिम विवरण तयार हुँदा कम्पनीहरूले पठाएको संख्यामा सानातिना परिवर्तन हुनसक्ने विभाग स्रोतले बतायो। शुक्रबारको पत्रकार सम्मेलनसम्ममा परिष्कृत र प्रमाणित विवरण सार्वजनिक गर्ने अधिकतम प्रयास भइरहेको बताइएको छ।

**८ लाख ...**

आर्थिक वर्ष २०८१/०८२ मा १ हजार ६९ व्यावसायीहरू सक्रिय रहेको मन्त्रालयले बताएको छ।

त्यस्तै पूर्वप्रस्थान अभिमुखीकरणका लागि १४३ संस्था रहेपनि १३८ संस्थाले मात्रै काम गरेको मन्त्रालयले जनाएको छ। मन्त्रालयले व्यक्तिगत र संस्थागत विवाद समाधान गरी ७ अर्ब २० करोड ८ हजार ३ सय ५० रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराएको बताएको छ। गत वर्ष ४ हजार ९ सय ७५ उजुरी प्राप्त भएको र त्यसमध्ये ५२८ मेलमिलाप गराइएको मन्त्रालयले बताएको छ। मन्त्रालयले अनुसन्धानपश्चात २१५ वटा मुद्दा अदालतमा दायर गराएको र ती मुद्दामा ३२ करोड ८७ लाख ३७ हजार ४६५ रुपैयाँ क्षतिपूर्ति दिलाइएको जानकारी दिएको छ। वैदेशिक रोजगार बोर्डबाट १९ हजार १६८ जनालाई तालिम दिइएको तथा १ हजार १६० शव ढुवानी गरी नेपाल ल्याइएको मन्त्रालयले बताएको छ।

बोर्डमार्फत २ हजार ४८५ जनालाई आर्थिक सहायता तथा ३ हजार ४३० जनालाई छात्रवृत्ति दिइएको मन्त्रालयले बताएको छ। यस्तै कल सेन्टरमा ९५ हजार ६१९ कलहरू आएकोमा ३३ हजार ९८२ समस्या समाधान गरेको, ४ हजार ६११ जनालाई टेलिमेडिसिन सेवा दिइएको मन्त्रालयले बताएको छ।

अल्बानिया, अस्ट्रिया, टर्की, माल्टा, माल्दिभ्स, सर्बिया, लक्जेमबर्ग, ब्रुनाइ, पोल्याण्ड, बोस्निया र हर्जगोभिना, क्रोएसिया र बेल्जियमसँग नयाँ समझदारी प्रक्रिया अघि बढाएको र कुवेत, मौरिसस, मलेलिया, दक्षिण कोरिया तथा कतारसँग श्रम सम्झौता नवीकरणको प्रक्रियामा रहेको मन्त्रालयले बताएको छ।

नेपाल सरकार र साउदी सरकारबीच द्विपक्षीय श्रम सम्झौताको अन्तिम मस्यौदा तयार भइ रायका लागि अर्थ मन्त्रालयबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट राय प्राप्त गरी अन्तिम मस्यौदा तयार गरिएको बताएको छ। यूएईमा काम गर्न जाने नेपाली श्रमिकको न्यूनतम तलब बढाइएको र वैदेशिक रोजगारमा जाने श्रमिकहरूको अभिमुखीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाइएको जानकारी दिँदै मन्त्रालयले श्रम सम्झौता भएका मुलुकमा घरेलु कामदार पठाउन व्यापक गृहकार्य गरिएको र यूएईमा पाइलट परयोजना सञ्चालन गरिएको बताएको छ।

**यूएई...**

नेपाल आउने मागपत्रमा ढिलाइ हुनुका साथै राजस्व संकलनसमेत प्रभावित भएको उल्लेख गरेको छ।

मञ्चका महासचिव मिलन कट्टेलद्वारा जारी विज्ञप्तिमा एउटै प्रक्रियामा भएका आवेदन प्रमाणीकरण कसैको तत्कालै हुने गरेको तथा कसैको महिना दिनसम्म अड्किने गरेको बताएका छन्। मञ्चले दूतावासमा सुशासनभन्दा भनसुन र दलाली प्रवृत्तिको विकास भएको आरोप लगाउँदै प्रश्न गरेको छ, 'यो दूतावास हो कि दलाल केन्द्र ?' कानुनी प्रक्रियाभित्र रही समयमै सेवा प्राप्त गर्ने अधिकारमा हस्तक्षेप हुनु आपत्तिजनक मात्र नभइ आपराधिक गतिविधि भएको भन्दै मञ्चले आफूहरू कुनै अवैध मागको पक्षमा नरहेको जिकिर गरेको छ।

मञ्चले दूतावासमा सुधार नभएमा दूतावासका सम्बन्धित कर्मचारीलाई संसद्को अन्तर्राष्ट्रिय श्रम सम्बन्ध समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, परराष्ट्र मन्त्रालयलगायत जिम्मेवार निकायहरूसँग जवाफदेही बनाउने चेतावनी पनि दिएको छ।

यूएईस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरणमा बिना कारण र आधार संख्याको तगारो लगाएर रोजगारदाता कम्पनीलाई चिढाएको आरोप लाग्ने गरेको छ।

दूतावासले भने कुनै मोलमोलाइ नभइ जनशक्तिको अभावले सेवा प्रवाहमा ढिलाइ हुने गरेको बताउने गरेको छ। दूतावासले गत जुन १० देखि अनलाइनमार्फत मागपत्र प्रमाणीकरण प्रक्रिया सुरु गरेको बताएको छ। तर म्यानपावर व्यवसायीले प्रणाली सेवाग्राहीमैत्री नभएको र सास्ती दिएको गुनासो गर्ने गरेका छन्।


गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
**बुर्तिबाङ अस्पताल, बागलुङ**
नेपाल

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/०१**

यस बुर्तिबाङ अस्पताल बागलुङका लागि गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय पोखराको बार्षिक स्वीकृत कार्यक्रम र सेवा करारमा पदपूर्ति गर्नुपर्ने दरबन्दी करार का तपशिलमा उल्लेख भए अनुसारका पदहरुमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुबाट विज्ञापन प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त आव्हान गरिन्छ।

तपिशल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक न्यूनतम शैक्षिक योग्यता | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१-२०८२/८३ | मेडिकल अधिकृत | आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तीर्ण | १ | कार्यक्रम करार |
| २ | ०२-२०८२/८३ | अप्टोमेट्रिष्ट | सातौं | Bachelor In Optometry वा सो सरह | १ | कार्यक्रम करार |
| ३ | ०३-२०८२/८३ | ल्याव टेक्निसियन | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याव विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह | ३ | कार्यक्रम करार |
| ४ | ०४-२०८२/८३ | स्टाफ नर्स | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL नर्सिङ उपाधि प्राप्त वा सो सरह | ६ | कार्यक्रम करार |
| ५ | ०५-२०८२/८३ | हेल्थ असिस्टेन्ट | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह | २ | कार्यक्रम करार |
| ६ | ०६-२०८२/८३ | रेडियोग्राफर | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | १ | कार्यक्रम करार |
| ७ | ०७-२०८२/८३ | डेन्टल हाइजिनिष्ट | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट दन्त विज्ञान विषयमा प्रमाणपत्र तह (Dental Hygienist) उत्तीर्ण वा सो सरह | १ | कार्यक्रम करार |
| ८ | ०८-२०८२/८३ | फार्मेसी सहायक | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | १ | कार्यक्रम करार |
| ९ | ०९-२०८२/८३ | फिजियोथेरापी सहायक | पाँचौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट फिजियोथेरापी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | १ | कार्यक्रम करार |
| १० | १०-२०८२/८३ | हलुका सवारी चालक | श्रोणी विहिन | सामान्य साक्षर/ हलुका सवारी चालक अनुमति पत्र प्राप्त | १ | दरबन्दी करार |
| ११ | ११-२०८२/८३ | कार्यालय सहयोगी | श्रोणी विहिन | सामान्य साक्षर | ५ | दरबन्दी करार |

१. **आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सम्पुर्ण शैक्षिक योग्यताका प्रमाणपत्र ( लब्धांकपत्र र चारित्रिक) प्रतिलिपि, विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेमा समकक्षता निर्धारणको प्रमाणपत्रको प्रतिलिपि, क.सं. १ देखि ९ सम्मका विज्ञापनका लागि सम्बन्धित काउन्सिल दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा प्राप्त कार्यानुभव तथा तालिमको प्रमाणपत्रको प्रतिलिपि, दरखास्त दस्तुर बुझाएको सक्कल रसिद, पासवर्ड साइजको २ प्रति फोटो।
२. **उमेर :** १८ बर्ष पूरा भइ ४५ बर्ष ननाघेको र अधिकृत स्तरको हकमा २१ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको।
३. **दरखास्त दस्तुर:** आठौं र सातौं तहका लागि रु. १२००/- पाँचौ तहका लागि रु. ८००/- र श्रेणीविहिन पदका लागि रु ५००/-
४. **दरखास्त दिने अन्तिम मिति/स्थान र सम्पर्क मिति :** २०८२।०४।१५ गते कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) / अस्पतालको प्रशासन शाखा / २०८२।०४।१६ गते ( सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन)
५. **दरखास्त फाराम पाइने स्थान:** अस्पतालको प्रशासन शाखा ( सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ को अनुसूचि -१)
६. **छनोटको किसिम :** गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम हुनेछ।
७. **सेवा, सुविधा तथा शर्तहरु:** अस्पतालको नियमानुसार।
८. **परीक्षा मिति :** सम्पर्क मितिमा जानकारी गराइनेछ।

**थप जानकारीका लागि सम्पर्क : ०६८४१००८८**

**नि. मेडिकल सुपरिटेन्डेण्ट**



त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०२)**

त्रियुगा नगरपालिकाको कार्यालयबाट प्रकाशित देहायका ठेक्काहरुको निर्धारित समय भित्र रितपुर्वक रुपमा पेश भएका बोलपत्रहरु मध्ये कार्यालयको निर्णयानुसार निम्न बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्युनतम र सारभूत रुपमा प्रभावग्राही ठहर भएको हुँदा बोलपत्र स्वीकृत गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बोलपत्रको नाम | बोलपत्र विवरण | बोलपत्रदाताको विवरण | कबोल रकम (भ्याट र पिएस बाहेक) |
|---|---|---|---|---|
| 1. | Construction of Mayor's Park, Tri.Na. Pa-4, Udayapur | 30-TM/UDA/ 2081/082 | Dhansuna Construction Triyuga-13 | 6,356,861.56/- |
| 2. | Construction of Sanuwa Jogukutti-Sukulahi RCC Road, Tri.Na. Pa-2, Udayapur | 31-TM/UDA/ 2081/082 | Nanuma Construction And Suppliers Pvt. Ltd. Ward No-7, Tokha | 20,17,108.52/- |

**प्रमुख प्रशासकीय अधिकृत**



**कुवेतमा रोजगार**

कम्पनीः Gulf Spic General Trading co.
पूर्व स्वीकृत मितिः २०८२/०४/०१ चलानी नं.: ६०२४१११९
शहरः KUWAIT L.T. No.: 327296

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Outdoor) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४२,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Equipment Operator | 30 | 0 | | 200 | ८९,७५० | | | | | | | |
| 3. | HEAVY TRANSPORT VEHICLE DRIVER | 40 | 0 | | 150 | ६७,३१२ | | | | | | | |
| 4. | LIGHT TRANSPORT VEHICLE DRIVER | 30 | 0 | | 135 | ६०,५८१ | | | | | | | |

कम्पनीः Santa Monica Institute and Salon co.
पूर्व स्वीकृत मितिः २०८२/०४/०१ चलानी नं.: ६०२४१११८
शहरः KUWAIT L.T. No.: 327295

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 10 | सम्बन्धित काममा दक्ष | 150 | ६७,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Nail Technicians | 0 | 10 | | 150 | ६७,३१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ९ गते (25 July 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1035/072/073
**Lulu International Pvt. Ltd.**
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

# अहिलेको सरकारले जहाँ टेक्छ त्यहीं भ्रष्टाचार हुन्छ : प्रचण्ड




**काठमाडौं/मस-** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश जटिल मोडमा रहेको बताएका छन् । बिहीबार ललितपुरमा श्रम उत्पादनमा वाइसिएल अभियानको शुभारम्भ गर्दै अध्यक्ष दाहालले यस्तो बताएका हुन् ।

उनले देश अहिले संविधान, गणतन्त्र, सुशासन, सामाजिक न्याय र समृद्धिको दृष्टिकोणले निकै नै जटिल मोडमा रहेको उल्लेख गरे । अध्यक्ष प्रचण्डले अहिलेको सरकारले जहाँ टेक्छ त्यहीं भ्रष्टाचार हुने गरेको आरोप लगाए ।

उनले वर्तमान सरकार सुशासनको विरुद्धमा खडा भएको आरोप लगाउँदै सम्पूर्ण रुपमा देशलाई असफल बनाउने दिशातर्फ अग्रसर भएको बताए । जनतासँग राम्रो सम्बन्ध बढाएर श्रम र उत्पादन कार्यमा आफ्नो उत्पादनलाई जोडेर सुशासनको पक्षमा, सामाजिक न्याय र आर्थिक समृद्धिको पक्षमा लाग्नुपर्ने उनले बताए ।

अध्यक्ष प्रचण्डले भने, 'देश अहिले संविधानको दृष्टिकोणले, गणतन्त्रको दृष्टिकोणले, सुशासन, सामाजिक न्याय र समृद्धिको दृष्टिकोणले निकै नै जटिल मोडमा छ । अहिलेको सरकार जहाँ टेक्छ, त्यहीं भ्रष्टाचार बाहेक केही पनि छैन । सुशासनविरुद्ध खडा भएको यो सरकार सम्पूर्ण रुपमा देशलाई असफल बनाउने दिशातर्फ अग्रसर भएको छ । हामी सबैले जनतासँग राम्रो सम्बन्ध बढाएर श्रम र उत्पादन कार्यमा आफ्नो उत्पादनलाई जोडेर सुशासनको पक्षमा, सामाजिक न्याय र आर्थिक समृद्धिको पक्षमा हामी लाग्नुपर्छ ।'

अध्यक्ष प्रचण्डले युवालाई संगठित गरेर मात्रै परिवर्तन उल्ट्याउनेहरुविरुद्ध सफलता हात पार्नसक्ने बताए । उनले आफूहरुले खबरदारी गर्दागर्दै पनि सरकार यसरी नै भ्रष्टाचारमा लिप्त हुने र जनभावना विपरीत गए सरकारको प्रतिवाद सडकबाट गर्ने चेतावनी दिए ।

# छाउगोठ बनाउने र बस्न बाध्य पार्नेलाई सुविधामा पुनर्विचार गर्छौं : गृहमन्त्री



**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले छाउगोठ बनाएको पाइए र महिनावारी हुँदा छाउगोठमा बस्न बाध्य पार्नेलाई स्थानीय तहबाट पाउने निश्चित सुविधामा पुर्नविचार गर्ने गरी मुलुकभरका स्थानीय तहलाई परिपत्र गरिने बताएका छन् ।

बिहीबार अन्तर पार्टी महिला सञ्जालका पदाधिकारीसँगको भेटमा उनले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरी देशभरका स्थानीय तहलाई यस्तो परिपत्र गर्ने गरी गृहकार्य गरिने बताए । 'महिनावारीमा ठुलो अन्धविश्वासले काम गरेको छ', मन्त्री लेखकले भने, 'यसको निर्मलीकरणका लागि कसरी अगाडि बढ्ने अन्तर पार्टी महिला सञ्जालकको पनि सहयोग र सुझाव आवश्यक छ ।'

महिलामाथि हुने हिंसा, बलात्कार लगायतका घटनामा सरकार गम्भीर रहेको मन्त्री लेखकको भनाइ छ । 'महिलाहरुको मर्यादा, गरिमा, स्वाभिमान र सुरक्षामा गम्भीर छु', लेखकले भने, 'अपराध गर्नेलाई कारबाहीको दायरामा ल्याउने काम पनि भइरहेको छ ।' सो क्रममा अन्तर पार्टी महिला सञ्जालका अध्यक्ष ममता गिरिसहितको टोलीले महिला तथा बालबालिकामाथि हुने गरेको विभेद र हिंसाका घटना घटिरहेको भन्दै त्यसको नियन्त्रणका लागि मन्त्री लेखकलाई ज्ञापनपत्रसमेत बुझाएका छन् ।

# १ वर्षमा ५ सय ३४ फरार प्रतिवादी पक्राउ

**झापा/मस-** आर्थिक वर्ष २०८१/८२ मा जिल्ला प्रहरी कार्यालय झापा र मातहतका प्रहरी इकाइहरूले विभिन्न अदालतबाट फैसला भई फरार रहेका ५३४ जना प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ परेकामध्ये ४६३ जना पुरुष, ७० जना महिला र एक जना यौनिक अल्पसङ्ख्यक रहेका छन् ।

प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काले फरार प्रतिवादीहरूलाई जिल्ला अदालत झापामा उपस्थित गराई, अदालतको आदेशअनुसार कैद बाँकी रहेका व्यक्तिहरूलाई कारागार पठाइएको र जरिवाना मात्र बाँकी रहेका व्यक्तिबाट जरिवाना असुल गरी छाडिएको बताए । उनका अनुसार पक्राउ परेकाहरूबाट २४८ वर्ष १० महिना १४ दिन कैद र रु सात करोड २७ लाख २४ हजार ८२१ बराबरको जरिवाना असुल गरिएको छ ।

पक्राउ परेका चर्चित फरार प्रतिवादीहरूमा भद्रपुर-८ का ४८ वर्षीय खेमराज पोखरेल रहेका छन्, उनलाई सर्वोच्च अदालतले जबर्जस्ती करणी तथा हाडनाता करणी मुद्दामा दोषी ठहर गर्दै १० वर्ष कैद सजाय सुनाएको थियो । यस्तै, मेचिनगर-७ का ३२ वर्षीय प्रदीप राईलाई उच्च अदालत विराटनगर, इलाम इजलासले जबर्जस्ती करणी र चोरी मुद्दामा दोषी ठहर गरी २०७२ सालमा १० वर्ष कैद हुने फैसला गरेको थियो । यसैगरी, पक्राउ पर्ने बिर्तामोड-८ का ३० वर्षीय अमिरलगुन विश्वकर्मालाई उच्च अदालत पाटनले राजस्व चुहावट मुद्दामा एक वर्ष दुई महिना १५ दिन कैद र रु दुई करोड ८४ लाख ५८ हजार ६०५ जरिवाना हुने फैसला गरेको थियो ।

# वीरगञ्जमा पानी संकट समाधान गर्न समझदारी, निःशुल्क धारा जडान गरिने




**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, १ साउन

वीरगञ्ज महानगरपालिकामा एक महिनादेखि बढ्दो खानेपानी संकट समाधानका लागि नेपाल खानेपानी संस्थान र वीरगञ्ज महानगरपालिकाबीच महत्वपूर्ण समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । बिहीबार भएको उक्त समझदारीअनुसार, नेपाल खानेपानी संस्थानको पाइपलाइन विस्तार भएका वडाहरूमा नयाँ धारा निःशुल्क जडान गरिनेछ ।

खानेपानी मन्त्री प्रदीप यादव र वीरगञ्ज महानगरका मेयर राजेशमान सिंहको पहलमा उक्त सम्झौता गरिएको हो । संस्थानका तर्फबाट महाप्रबन्धक अर्जुनबाबु ढकाल र महानगरको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत अरबिन्द लाल कर्णले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

अबदेखि खानेपानी संस्थानको नयाँ धारा जडानमा लाग्ने सम्पूर्ण खर्च महानगरपालिकाले व्यहोर्ने मेयर सिंहले जानकारी दिए । उनले वीरगन्जका प्रत्येक घरधुरीमा स्वच्छ, सुरक्षित र दिगो खानेपानी सुनिश्चित गर्ने उद्देश्यले यो कदम चालिएको बताए ।

समझदारीमा समेटिएका प्रमुख उद्देश्यहरूमा जलवायु परिवर्तनका कारण उत्पन्न समस्याको दीर्घकालीन समाधान, घरघरमा खानेपानीको पहुँच सुनिश्चित गर्नु, नयाँ धारा निःशुल्क जडान गरी सेवा सरल, छिटो र पारदर्शी बनाउनु तथा पानीको गुणस्तर र सेवामा सुधार गर्नु रहेका छन् । मन्त्री यादवले अहिले वीरगञ्जमा खानेपानीको चरम अभावले जनजीवन प्रभावित भएको बताए । यस्तो संकट समाधान गर्न दीर्घकालीन विकल्पको रुपमा उक्त समझदारी गरिएको र मन्त्रालयले कार्यान्वयनका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।

संस्थानले आवश्यक जनशक्ति थप गरेर सेवा प्रभावकारी बनाउने प्रतिबद्धता पनि जनाएको छ । मन्त्री यादवले विशेषगरी गुणस्तरहीन पानी पिउन बाध्य रहेका सर्वसाधारणका लागि स्वच्छ खानेपानी पहुँचले जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे ।

समझदारीअनुसार, संस्थानको नयाँ धारा जडानका लागि आवश्यक धरौटी रकम वीरगन्ज महानगरपालिकाले नै संस्थानमा जम्मा गर्नेछ। रकम जम्मा भएपछि संस्थानले धारा जडान, नयाँ पाइपलाइन विस्तार, मर्मत सम्भार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ ।

कार्यान्वयनका क्रममा उत्पन्न हुनसक्ने विवादहरू आपसी छलफल र वार्ताबाट समाधान गरिने व्यवस्था समेत समझदारीपत्रमा गरिएको छ ।

लामो समयदेखि खडेरी, जलवायु परिवर्तन र तापक्रम वृद्धि लगायतका कारण भूमिगत जलस्रोत सुक्दै जाँदा चापाकलको पानी हराएर वीरगञ्जमा खानेपानीको संकट चुलिएको उपमेयर इम्तियाज आलमले जानकारी दिए ।


## S.N. Energy Limited

Registered Office Address : Kathmandu -30 Gyaneshwor

**INVITATION FOR PRE-QUALIFICATION**

For
Main Civil Construction Works
Super Seti Hydropower Project (SSHP), Kaski District, Nepal

**Ref. No.:** SSHP/CIVIU025/01
**Date of Publication:** 18-07-2025

S.N. Energy Limited (SNEL) invites applications for pre-qualification from experienced and eligible contractors (registered firms) for undertaking the **Main Civil Works** of the **Super Seti Hydropower Project,** a Run-of-River type hydropower project with an installed capacity of **24.0 MW**, located at Machhapuchhre Rural Municipality-1, Kaski District, Gandaki Province, Nepal.

**Scope of Work:**
The scope of work includes, but is not limited to, :

- **Headworks ,Civil Structures including Tunnel**
- **Waterways Civil Structures**
- **Powerhouse Civil Structures** etc

Interested eligible contractors may obtain the pre-qualification form from the Central office of SN Energy Ltd located at Gyaneshwor, Kathmandu-30. The hardcopy of completed form along with the required documents must be submitted at the same address on or before 30 days of this publication . Information submitted by the applicants shall be treated as confidential. SNEL reserves the full right to accept or reject any or all applications, amend the pre-qualification criteria or cancel the pre-qualification process altogether without assigning any reason or incurring any liability.

**Contact Details:**
**S.N. Energy Limited**
Gyaneshwar, Kathmandu-30, Nepal
Tel: +977-1-4547374
Email: superseti2084@gmail.com

## यूएईमा रोजगार

कम्पनी: TARTEEB CLEANING SERVICES — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/०१ — चलानी नं: ६०२४१११३ — LT. No.: 327165

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Layer | 50 | 0 | | 1500 | ५६,०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ९ गते (25 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
इजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

## यूएईमा रोजगार

कम्पनी: RECOURCES FOR EMPLOYMENT — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/०१ — चलानी नं.: ६०२४१११७ — LT. No.: 327146

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 50 | 0 | | 1100 | ४१,०९६ | | | | | | | |
| 3. | Steel Fixer | 15 | 0 | | 1300 | ४८,५६८ | | | | | | | |
| 4. | Mason /Tile Worker | 20 | 0 | | 1300 | ४८,५६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ९ गते (25 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Concept Placement Resource Pvt. Ltd.**
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247, 9801186314.
9856065197, 9815184464, 9802368314, Email:inquiry@cpr.com.np, Website:www.cpr.com.np
Gov. Lic. No. 1636/080/081

## युएई र कुवेतमा रोजगार

कम्पनी: UNITED INTERNATIONAL GROUP-MANPOWER RECRUITMENT DIVISION LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/०६ — चलानी नं.: ६०२३१५३० — LT. No.: 317232 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 44 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason. | 26 | 0 | | 1200 | ४४,८३२ | | | | | | | |
| 3. | STELL FIXER | 41 | 0 | | 1200 | ४४,८३२ | | | | | | | |

कम्पनी: SAWAEED EMPLOYMENT - SOLE PROPRIETORSHIP L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/०९ — चलानी नं.: ६०२३१७६२ — LT. No.: 317476 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 46 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason. | 38 | 0 | | 1200 | ४४,८३२ | | | | | | | |
| 3. | STELL FIXER | 43 | 0 | | 1200 | ४४,८३२ | | | | | | | |

कम्पनी: cleanco cleaning services co llc — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/१५ — चलानी नं.: ६०२१०८४० — LT. No.: 295744 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/cleaner supervisor/messenger | 0 | 15 | | 900 | ३३,६२४ | | | | | | | |

कम्पनी: MASTER PLAN GENERAL CONT. & CONST. CO. — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/१२/२६ — चलानी नं.: ६०२३५८४६ — LT. No.: 321716 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 14 | 10 | स. काममा दक्ष | 85 | ३८,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ९ गते (25 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | युएई नि शुल्क कुवेत रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

**Public Relation Officer : 5/5 PAX (M/F)**
**Receptionist : 2 PAX (F)**
salary negotiable

**Requirements:**
Qualification: +2 Passed & Basic computer knowledge
Experienced in the related fields.

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.** श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456

## Free Visa, Free Ticket, Free Recruitment
## फ्रि भिसा, फ्रि टिकट, नि: शुल्क भर्ती

**Free Visa, Free Ticket, Free Processing, No Service Charge, No Cash Deposit, No Salary Deduction, No Sub Agent, No Mediator**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधीत ।

(Company Name) : EMIRATES FLIGHT CATERING CO. L.L.C. UAE
रोजगारदाता कम्पनी :एमिरेटस् फ्याइट क्याटेरिङ को. एल.एल.सी. यु.ए.ई.

| पूर्व स्वीकृत मितिः २०८०/११/०६ | चलानी नं.: ६०२१५१४० | एल टी नं.: ३००२७४ | पुन विज्ञापन |
|---|---|---|---|
| Pre Approval Date: 2024/02/18 | Consignment No.: 60215140 | L.T. No.: 300274 | Re-Advertisement |

| सि.नं. S.N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Require-ment न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब AED एइडी | NPR ने.रु. | Over time ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुविधा | Accomoda-tion Facility बस्ने सुबिधा | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver | 50 ५० | 0 0 | Understanding of English speaking and writing | 2335 २३३५ | 86,955 ८६,९५५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | Yes छ | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Social Security Fund सामाजिक सुरक्षा कोष |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employee कामदारले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employee कामदारले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employee ने.रु.७००।– कामदारले ब्यहोर्ने | NPR 1500/- By the Employee ने.रु.१५००।– कामदारले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employee कामदारले ब्यहोर्ने |

Blue Ocean Overseas Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
ब्लू ओसियन ओभरसिज प्रा.लि.कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पक्रियामा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

१. अंग्रेजी राम्रोसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । २. अन्तर्वार्तामा आउदा सक्कल राहदानी, वायोडाटा, दक्षताको प्रमाणपत्र लिएर आउनुपर्नेछ साथै सेतो सर्ट, कालो पाइन्ट र कालो टाइ ड्रेस कोडसहित उपस्थित हुनुपर्नेछ । ३. हेभी डयुटी ड्राइभरको हकमा युएई भ्यालिड ड्राइभिङ लाइसेन्स नं. ३,४,५ र ६ भएको हुनुपर्ने साथै उमेर २५ देखि ४४ बर्ष ननागेको हुनुपर्नेछ ।

Note (नोट):
- यसै कम्पनीको लागि UAE Valid Light Driver हरुको पनि आवश्यकता भएको हुनाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Applicants are requested to submit their application directly without using any mediator. Applicants
- (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
- प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.
  शरिरमा कुनै देखिने ट्याटू वा दागहरू नभएको हुनुपर्नेछ ।
- There should be no visible tattoos or scars on the body.

**Grievance Reporting Alert (गुनासो दर्ता)**
If you have any grievance or feedback, please do contact us via helpline phone number or email address mentioned below. Blue Ocean Overseas Pvt. ltd. will excutive the necessary process by keeping the provided information & identity confidential. Helpline No. 9801224522, Email: b2ogrievance@gmail.com
यदि तपाईहरुसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेखित नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।
ब्लू ओसियन ओभरसिज प्रा.लि.ले उपलब्ध गराइएको जानकारी तथा परिचय गोप्य राखी आवश्यक प्रक्रिया अगाडि बढाउन प्रतिबद्ध छौं ।
हेल्पलाइन नं.: ९८०१२२४५२२, इमेल: b2ogrievance@gmail.com

**Pre interview will be conducted daily basis in our office Premises.**
प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।
**Final Interview will be conducted on Office Premises, Kathmandu 31 July 2025.**
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८२ साउन १५ गतेमा हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं ८६४/०६६/०६७
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल फोन: ४९५१७३२, ४९६५८२६,
Email: blueocean_o@yahoo.com, www.blueocean.com.np
CERTIFIED ISO 9001:2015
Mobile No: 9801224179 | 9801224520 | 9801224169 | 9801224162 | 9801224172 | 9841216869 | 9841661558 | 9841198513 | 9808220638
कार्यालय रहेको स्थान: मनोहर मा.वि. देखि १०० मिटर अगाडि बायाँपट्टि, नक्साको लागि स्कान गर्नुहोला ।

सम्पादकीय

## बजेट खर्चमा ध्यान देऊ

नयाँ आर्थिक वर्षको सुरूवात भएको छ। नयाँ आर्थिक वर्ष लागेसँगै बजेट कार्यान्वयनको प्रक्रिया सुरू भएको छ। स्मरणीय छ– प्रत्येक आर्थिक वर्षको अन्त्यमा बजेट खर्च कम भएको भनेर सरकारको आलोचना हुन्छ। यसलाई चिर्न सक्नु नयाँ आर्थिक वर्षको अवसर र चुनौती दुवै हो। कुनै पनि समस्या छ भने समाधानसँगै जोडिएर आएको हुन्छ। समाधानका निम्ति समस्या पहिचान गर्न सक्नु पहिलो सफलता हो। समस्या पहिचान भएपछि समाधानका उपाय निस्कन्छन् र अगाडि बढ्ने हो।

नयाँ आर्थिक वर्ष सुरू भएसँगै अब बजेट लागू गर्ने सिलसिलामा अख्तियारी दिने कार्य सुरू हुन्छ। अर्थ मन्त्रालयका सचिवले सम्बन्धित मन्त्रालयका सचिवहरूलाई अख्तियारी दिन्छन्। सम्बन्धित मन्त्रालयका सचिवहरूले आफूअन्तर्गत निकायहरूलाई अख्तियारी दिन्छन्। अबण्डा भनेर राखिएको बजेट अर्थात् बाँड्न बाँकी रकमका सम्बन्धमा भने तत्काल निर्णय हुँदैन। अबण्डाको रकम दोस्रो चौमासिकको अन्तिम महिना फागुनमा गएर बाँड्ने अभ्यास हुँदै आएको छ। बाँकी बजेट कार्यान्वयका सन्दर्भमा बजेट खर्च गर्ने अधिकार अर्थसचिवले साउन १ गते नै दिने प्रचलन छ। अर्थात, साउन १ गतेदेखि भएको कामको रकम भुक्तानी नयाँ आर्थिक वर्षमा कानुनी हुन्छ, तर भुक्तानीका लागि काम हुनुपर्छ। काम हुनका लागि समय लाग्छ। त्यो कामको सुरूवात हुने प्रक्रियाअन्तर्गत अख्तियारी दिने कार्यको सुरूवात साउन १ गतेदेखि हुने हो। यो अख्तियारी दिने र योजना छनोट गर्ने प्रक्रिया यति लामो हुन्छ कि नयाँ योजना हो भने दोस्रो चौमासिकमा पुग्दा मात्रै टेण्डर आह्वानको प्रक्रिया अगाडि बढ्न सक्ने अवस्था रहँदै आएको छ।

अख्तियारी माथिल्लो तहबाट तल्लो तहमा सार्दै जाने र योजनाबारे वातावरणीय प्रभाव मूल्यांकनसहितका पूर्वतयारी के कसो छ भनेर हेर्दा नै पहिलो चौमासिक बित्छ। दोस्रो चौमासिकमा योजना अगाडि बढ्न टेण्डर आह्वान हुनेलगायतका कार्य हुन्छ। झण्झटिलो टेण्डर प्रक्रियाबाट आएका फर्महरू सम्बन्धित निकायले के कसो छ भनेर छनोट गर्न समय लाग्छ। मुद्दा मामिला नभए छनोट भएको संस्था वा कम्पनीले काम अगाडि बढाउने वातावरण बन्छ। यही प्रक्रियामा दोस्रो चौमासिक बित्छ। त्यतिन्जेलसम्म नागरिकले विकास खर्च नभएको भनेर प्रश्न उठाउन थालिसकेका हुन्छन्। अनि सरकार पनि खर्च देखाउन फागुनतिरबाट अबण्डाको रकम बाँड्न थाल्छ। यही समयमा बजेटका योजना पनि लागू हुने अवस्थामा पुगेका हुन्छन्। यसकारण तेस्रो चौमासिकको पनि अन्तिम जेठ/असारमा विकास बजेट खर्च हुने वातावण बन्दै आएको छ। त्यो समयमा एकातिर सरकार नयाँ बजेटको तयारीमा हुन्छ र अर्कोतिर अघिल्लो वर्षको बजेट कार्यान्वयनको दबाबमा हुन्छ। यसकारण सरकारले नै कामको अनुगमन गर्न नसक्दा कम गुणस्तरीयको काम हुन सक्ने सम्भावना रहन्छ। यस्तोमा अपारदर्शिताको प्रश्न उठ्ने भयो। यसमा सरकारको बेलैमा ध्यान जाओस् र प्रक्रियागत झन्झटलाई व्यवहारिक बनाओस्। ताकि बजेट जुन मर्ममा आएको छ त्यसअनुसार लागू हुन सकोस्।

# नयाँ राष्ट्रिय खेलकुद नीति र खेलकुद क्षेत्र

*खेलकुद क्षेत्रको व्यवसायीकरण, विशिष्टीकरण तथा विविधीकरण गर्नु अपरिहार्य छ। जसको लागि खेलकुद क्षेत्रका तालुक निकाय, संघ संस्थाको वर्गीकरण, व्यवसायीकरण क्षमताको विकास र संस्थागत सुशासन कायम गरी खेल प्रतियोगिताहरूलाई परिणाममुखी बनाउनु औचित्यपूर्ण हुन्छ...*

अग्रलेख



● झलक शर्मा

खेलकुद क्षेत्रले शारीरिक र मानसिक पक्षलाई मात्रै समेट्दैन, यसले बहुआयामिक पक्षहरूमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ। मनोरञ्जन, स्वास्थ्य, पर्यटन, व्यापार, अन्तर्राष्ट्रिय सम्बन्ध विकासलगायत यावत क्षेत्रमा यसको प्रत्यक्ष वा परोक्ष भूमिका क्रियाशील रहन्छ। खेलकुदले अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको गौरव, मान, आपसी भाइचारा स्थापित गराउनुको साथै, समुचित कूटनीतिक सम्बन्ध विस्तार गर्नमा अहम् भूमिका खेलेको हुन्छ। नेपाली समाजमा विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, भाषा, संस्कृति एवं समुदायका आ-आफ्नै छुट्टै प्रकृतिका खेलहरू पनि छन्। त्यसले त झन् नेपालको मौलिक संस्कृतिको जगेर्ना गर्नमा समेत टेवा पुऱ्याउँछ। तर, नेपाली खेलकुद क्षेत्रमा राज्यको ध्यान कमै मात्र गएको देखिन्छ। राज्यले खेलकुद क्षेत्रलाई भन्दा राजनीतिक विषयवस्तुलाई मात्र प्राथमिकतामा राख्दा खेलकुद क्षेत्र भने सधैँ छायामा परेको छ। सरकारको खेलकुद क्षेत्रलाई पनि न्यून बजेट छुट्याएको हुन्छ।

नेपाली खेलकुद क्षेत्रलाई व्यवस्थित, वैधानिक र अनुशासित रूपमा सञ्चालन र प्रतिफलमुखी बनाउन ऐन कानुनहरूको पर्याप्तता छैन। मौजुदामा रहेका ऐन कानुन पनि समय सापेक्ष छैनन्। यस्तै, अभावलाई महसुस गर्दै र विश्वव्यापी मूल्य र मान्यताअनुसार खेलकुदको विकास र विस्तार गर्न, खेलकुद क्षेत्रमा नविनतम् प्रविधिहरूको आत्मसात् गर्न नेपाल सरकारले यही असार ९ गते राष्ट्रिय खेलकुद नीति, २०८२ स्वीकृत गरी असार १६ गते युवा तथा खेलकुद मन्त्रालयद्वारा नयाँ खेलकुद नीति सार्वजनिकीकरण गऱ्यो। यस नीतिको लक्ष्य नै खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित, सिर्जनशील र सक्षम जनशक्ति तयार गरी राष्ट्रिय एकता, प्रतिष्ठा र समृद्धि हासिल गर्नका लागि टेवा पुऱ्याउने रहेको छ। संघ प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्यमा खेलकुद क्षेत्रको विकास र विस्तार गर्ने उद्देश्य यस नीतिको रहेको छ। अन्तर्राष्ट्रिय समुदाय तथा निजी क्षेत्रको सहभागिता र लगानी भित्र्याउन यस क्षेत्रलाई व्यवसायीकरणतर्फ उन्मुख गराउन यस नीति प्रतिबद्ध रहेको देखिन्छ। खेलकुद सूचना व्यवस्थापन प्रणालीको विकास गरी खेलकुद सम्बन्धी तथ्यांकको व्यवस्थापन गर्नुका साथै, खेल-पत्रकारिता र सूचना प्रविधिलाई प्रभावकारी बनाउने विषयलाई यस नतिले जोड दिएको छ।

नेपाली खेलकुद क्षेत्रले नागरिक वा सरोकारवाला पक्षले अपेक्षा गरेअनुरूपको विकास गर्न नसकेको आरोप छ। खेलकुद क्षेत्रको उत्पत्ति र विकासको समयलाई नियाल्दा नेपाली खेलकुद जगतले सोचे जस्तो उपलब्धि हासिल गर्न सकेको छैन। खेलाडीहरूले आफ्नो खेल क्षेत्रको व्यावसायिक वा पेसागत विकासको लागि कयौं वर्ष त्याग गर्नुपर्ने अवस्था छ। तर, व्यावसायिक वा पेसागत विकास भएता पनि जीवन गुजार्नकै लागि खेल जीवन अपनाउन सकिने अवस्था छैन। तसर्थ, नेपाली खेलाडीहरूले यस क्षेत्रलाई नै मूल पेशाको रूपमा अँगाल्न खोजेको पाइँदैन।




सरकारका नीति तथा कार्यक्रमले खेलाडीलाई खेल क्षेत्रमा नै सुन्दर भविष्य देखाउने तथा आर्थिक रूपमा सक्षम बनाउन सक्ने कुनै ठोस नीति बन्न सकेको छैन। तर, केही हदसम्म नयाँ नीतिले खेलाडीलाई सुविधामा वञ्चित नगर्ने व्यवस्था समावेश गरेर खेलाडीलाई प्रोत्साहन गरिँदै छ। विगतको नीति खेलाडी अनुकूल देखिएको थिएन भने अहिलेको नीतिले खेलाडीको भविष्यसँग अनुकूल हुने गरी तयार गरिएको छ। पछिल्ला अन्तर्राष्ट्रिय तथा राष्ट्रिय खेलका नतिजालाई ध्यानमा राखेर बनाइएको यस पटकको राष्ट्रिय खेलकुद नीतिले खेल प्रतियोगितालाई प्रतिस्पर्धात्मक र गुणस्तरयुक्त बनाई अन्तर्राष्ट्रिय प्रतियोगितामा देशको सार्थक, सशक्त र सक्रिय सहभागिता गराउने विषयलाई उच्च प्राथमिकता दिएको छ। भविष्यमा खेलकुद क्षेत्रबाट लाभको प्रभावकारी उपयोग हुन सक्ने वातावरण तयार गर्नुपर्ने देखिएको छ। खेल क्षेत्र पनि केन्द्रीकृतरूपमा नै सञ्चालन भएका छन्।

गाउँ गाउँमा खेलकुद न्यून रूपमा सञ्चालन हुने हुँदा युवाहरूले उपयुक्त अवसर पाउनबाट वञ्चित हुनु परेको छ। खेलकुद क्षेत्रमा भएका कमीकमजोरी स्वीकार गरी यो पेसालाई मर्यादित, व्यवस्थित र परिणाममुखी बनाउन सबै सरोकारवाला पक्षहरू दृढरूपमा जागृत हुनुपर्छ। खेलको मर्मअनुसार योग्यता, क्षमता, सीप र घरेलु प्रतियोगितामा राम्रो प्रदर्शन गरेका खेलाडी छनोट गर्नु आवश्यक छ। छनोट प्रक्रियाको एक निश्चित मापदण्ड वा कार्यविधि बनाएर छनोट गर्न सकेमा राम्रा खेलाडीले स्थान पाउनेमा विश्वास गर्न सकिन्छ। नेपालमा विश्वसामु प्रतिस्पर्धी बनाउन खेलकुद क्षेत्रको विकासमा नयाँ युगको सुरुवात भएको उद्घोष गर्नु अपरिहार्य छ। नेपाली समाजमा खेल क्षेत्रमा लाग्नु भनेको भविष्य अन्यौलता पार्ने काम हो भन्ने भाष्य सिर्जना भएको छ। त्यस्तो गलत सूचना र बुझाइले गर्दा कतिपय खेलाडी एवं खेल क्षेत्रमा आकर्षण भएका युवाहरूलाई नैराश्य सिर्जना पनि भएको छ।

खेल प्रतियोगिताहरूमा पुरुष प्रतियोगिता बढी भएको पाइन्छ भने महिला खेल प्रतियोगिता प्राय हुने गरेको पाइँदैन। एकातर्फ खेलाडी विदेश पलायनको समस्या ज्युँका त्युँ छ। नेपालमा पर्याप्त मात्रमा खेलकुद प्रतियोगिता नहुने र खेलेर मात्रै पेट र परिवार पाल्न नसकिने अवस्थामा खेलाडीहरू रहेका छन्। खेलकुद क्षेत्रमा अनुशासनको कमी देखिन्छ। खेल प्रतियोगितामा द्विअर्थी शब्दको प्रयोग गर्ने, महिला खेलाडीमाथि यौनर्दुव्यवहार तथा यौन शोषण गर्ने जस्ता गैरकानूनी गतिविधि अझै देखा परिरहेको पाइन्छ। पर्याप्त पारिश्रमिकको व्यवस्था नगर्ने, खेलाडी पुरस्कार, भत्ता, पोषण, जर्सी, बुट, जुत्तालगायतका सामग्रीको खरिद प्रक्रियामा स्वार्थ समूह हाबी हुने र त्यसमाथि अनियमितता गर्ने प्रवृत्ति छ।

खेलकुद क्षेत्रको व्यवसायीकरण, विशिष्टीकरण तथा विविधीकरण गर्नु अपरिहार्य छ। खेलकुद क्षेत्रका तालुक निकाय, संघ संस्थाको वर्गीकरण, व्यवसायीकरण क्षमताको विकास र संस्थागत सुशासन कायम गरी खेल प्रतियोगिताहरूलाई परिणाममुखी बनाउनु औचित्यपूर्ण हुन्छ। जीर्ण भएका रंगशाला, कभडहल तथा खेल मैदानहरूको मर्मत सम्भार र नयाँ अत्याधुनिक सुविधा सम्पन्न रंगशालाको विकास गर्न अति आवश्यक छ। डोपिङ सम्बन्धी प्राप्त जानकारीको अभाव अझै पनि नेपालमा कायम छ। तसर्थ, खेलकुदमा प्रतिबन्धित औषधि सेवनविरुद्धको कार्यलाई डोपिङ टेस्ट गरी कारबाही गर्नु पर्दछ। खेलाडीको जीविकोपार्जन, स्वास्थ्य उपचारलगायत सामाजिक सुरक्षाको समुचित व्यवस्था गरी खेलाडीको जीवन सुनिश्चित गर्नुपर्दछ। तिनै तहका सरकारबाट आवश्यकताअनुसारको बजेट खेलकुदमा विनियोजन गर्नुपर्दछ।

मनोरञ्जनात्मक र परम्परागत खेलको संरक्षण र प्रवर्द्धन तथा साहसिक र पर्वतीय खेलको व्यवस्थापन र विस्तार गर्न सके देशमा खेलसँगै पर्यटनका गतिविधि बढ्नेमा विश्वास गर्न सकिन्छ। खेल विज्ञानलाई विद्यालय तथा विश्वविद्यालयमा अनिवार्य रूपमा अध्ययन अध्यापन र पाठ्यक्रम लागु गर्न सके भोलिका दिनमा खेलकुद क्षेत्रले निकै ठूलो फड्को मार्ने छ। प्रशिक्षण र प्रतियोगिताहरूलाई समय तालिका अनुरूप निरन्तरता दिन सिके खेलाडीको सीप र क्षमता अभिवृद्धि हुनसक्छ भने खेलाडी खेलप्रति उत्प्रेरित हुन सक्छन्। राष्ट्रको गौरव बढाउन योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षकलाई समय समयमा तालिम र प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन हुनु आवश्यक छ। नेपाली खेलकुद राष्ट्र पहिचानका साथै, एक चिनारी रहेको हुँदा यस क्षेत्रको विकास, विस्तार र सुधारमा सरोकारवाला पक्षको ध्यान जान जरुरी छ।


## इतिहासमा आज



१८ जुलाई २०१९ मा जापानको क्योटोको फुशिमी-कुमा एक व्यक्तिले एनिमे स्टुडियोमा आगो लगाउँदा ३६ जनाको मृत्यु भएको थियो भने दर्जनौं मानिस घाइते भएका थिए।



१८ जुलाई २०१२ मा बुल्गेरियाको बर्गास विमानस्थलमा इजरायली टुर बसमा बम विस्फोट भएपछि कम्तिमा ७ जनाको मृत्यु भएको थियो भने ३२ जना घाइते भएका थिए।



१८ जुलाई १९९५ मा क्यारिबियन टापु मोन्टसेराटमा सौफ्रीएर हिल्स ज्वालामुखी विस्फोट भएको थियो। जसले टापुलाई पूर्णरूपमा ध्वस्त पारेको थियो।



१८ जुलाई १९९४ मा रुवाण्डा प्याट्रियटिक फ्रन्टले गिसेनी र उत्तर पश्चिमी रुवाण्डालाई नियन्त्रण लिएको थियो। जससँगै उसले क्रमशः सत्ता परिवर्तनको खेल भएको थियो। यद्यपि, विद्रोहको बिचमा ठूलो नरसंहार भएको थियो।

# सही नेतृत्वको खोजी

विचार



● चन्दा थापा 'चन्द्रिका'

*नेपाल स्रोत, साधन, मानव शक्तिको हिसाबले कमजोर छैन, तर समस्या तिनीहरूलाई जोर्न सक्ने, प्रयोग गर्न सक्ने र दिशानिर्देश गर्न सक्ने नेतृत्वको छ। सही नेतृत्व भएमा सीमित साधनबाट पनि असाधारण काम हुन सक्छ...*

नेपालको विकासमा अवरोधको चर्चा गर्दा अक्सर हामी नीति, योजना, कानुन, बजेट वा प्रणालीलाई दोष दिने गर्छौं। तर गहिरिएर हेर्दा, समस्या नीति कम र नेतृत्व बढी देखिन्छ। एउटै नीति एक देशमा सफल र अर्कोमा असफल हुनु, यसको ज्वलन्त प्रमाण हो। यसले संकेत गर्छ, मूल कुरा नीति होइन, त्यसको कार्यान्वयन गर्ने नेतृत्वको शैली, सोच र प्रतिबद्धता हो।

नेपालमा पछिल्लो तीन दशकको इतिहास हेर्दा, थुप्रै नीति र योजना बनाइएका छन्- शिक्षा नीति, कृषि नीति, उद्योग नीति, स्वास्थ्य नीति, श्रम नीति आदि। यिनले विकासको मार्गचित्र देखाउँछन्। तर, ती कागजमा सीमित भइरहेका छन्। कार्यान्वयनमा नेतृत्वको इच्छाशक्ति, दूरदृष्टि, क्षमता र नैतिकता अभावले ती नीति प्रभावहीन बन्दै गएका छन्। जब नेतृत्व दृढ, पारदर्शी र जनमुखी हुँदैन, तब उत्कृष्ट नीति पनि परिणाममुखी हुँदैन।

समस्या नेतृत्वको खडेरीमा छ। नेतृत्व भनेको केवल पद वा शक्तिको विषय होइन, सोच, व्यवहार र दृष्टिकोणको कुरा हो। हाम्रो राजनीतिक नेतृत्वको चरित्र अवसरवादी, अस्थिर र अल्पदृष्टि देखिन्छ। सत्ता प्राप्तिका लागि नेतृत्व सिद्धान्तभन्दा सम्झौतामा रमाउँछ। राष्ट्रभन्दा दल, दलभन्दा व्यक्ति र व्यक्तिभन्दा स्वार्थलाई प्राथमिकता दिइन्छ। यस्तो सोचबाट न नीति टिकाउ हुन्छ, न त देशको भविष्य।

अर्कोतर्फ, जनताले पनि नेतृत्वलाई केवल भाषण, नारा र चुनावी आकर्षणका आधारमा मूल्यांकन गर्छन्। परिणाम, क्षमताहीन र अनैतिक नेताहरू फेरि-फेरि सत्तामा पुग्छन्। नेतृत्व बदलिन्छ, तर सोच बदलिँदैन। यही कारण देश एकै ठाउँमा घुमिरहेजस्तो लाग्छ।

नीति निर्माणको प्रक्रियामा पनि नेतृत्वको चरित्रले प्रभाव पार्छ। आज बनाइने अधिकांश नीति जनताको गहिरो सरोकार, वैज्ञानिक विश्लेषण वा दीर्घकालीन दृष्टिकोणका आधारमा बनाइँदैनन्। तिनमा अल्पकालीन लाभ, बजेट सक्ने बाध्यता वा विदेशी एजेन्डा पूरा गर्ने झलक देखिन्छ। यो नेतृत्वको कमजोरी हो, नीति बनाउने शैलीको दोष मात्र होइन।

अर्को महत्वपूर्ण कुरा, कार्यान्वयनको कमजोरी हो। नेपालमा विकास योजना निर्माणमा जति सक्रियता देखिन्छ, त्यसको कार्यान्वयनमा उति नै लापरबाही देखिन्छ। काम समयमै सकिँदैन, गुणस्तर रहँदैन, अनुगमन हुँदैन। नेतृत्व आफैँ निरीक्षक बन्नुको सट्टा, ठेकेदार, कर्मचारी वा बिचौलियाको भरमा काम थमाउँछ। नीति सफल हुन नेतृत्वले अनुशासन, पारदर्शिता र जवाफदेहिताको संस्कृति विकास गर्नुपर्छ।

त्यस्तै, हाम्रो नेतृत्व समस्यालाई समाधानभन्दा प्रबन्ध गर्ने प्रवृत्तिमा रमाउँछ। बेरोजगारी समाधान गर्ने दीर्घकालीन योजना बनाउनेभन्दा, वैदेशिक रोजगारका एजेन्सी खोल्ने नीति बनाइन्छ। शिक्षा प्रणाली सुधार गर्नेभन्दा, निजी विद्यालयका मालिकहरू सन्तुष्ट हुने किसिमको नीति बनाइन्छ। यसको अर्थ, नीति गलत छैन, तर नेतृत्व जनताको पक्षमा ठाडो उभिन सक्दैन।

त्यसैले, सुधारको लागि अब केवल नयाँ नीति बनाउने होइन, नयाँ सोचको नेतृत्व खोजिनुपर्छ। जुन नेतृत्वले नीति निर्माणमा जनसहभागिता सुनिश्चित गरोस्, कार्यान्वयनमा इमानदारी देखाओस् र नतिजा हासिल नभएसम्म जवाफदेही बनोस्। यस्तो नेतृत्वले मात्र कागजको नीति जीवन्त रूप लिन सक्छ।

नेतृत्वको चरित्र समाजको प्रतिबिम्ब हो भन्ने तर्क गरिन्छ। यदि नागरिक स्वयं सचेत, उत्तरदायी र परिवर्तनको पक्षमा उभिन्छन् भने नेतृत्व पनि बाध्य भएर बदलिन्छ। तर, आज हाम्रो समाज पनि नेतृत्वका विकल्प खोज्न सक्दैन वा खोज्न चाहँदैन। यही कारण उही अनुहारहरू घुमिरहेका छन्, उही समस्या दोहोरिइरहेका छन्। विकासशील देशहरूमध्ये नेपाल स्रोत, साधन, मानव शक्तिको हिसाबले कमजोर छैन। तर, समस्या तिनीहरूलाई जोर्न सक्ने, प्रयोग गर्न सक्ने र दिशानिर्देश गर्न सक्ने नेतृत्वको छ। सही नेतृत्व भएमा सीमित साधनबाट पनि असाधारण काम हुन सक्छ। गलत नेतृत्वले अपार साधन पनि खेर फाल्न सक्छ।

अन्ततः, नीति कस्तो भन्नेभन्दा पनि नेतृत्व कस्तो भन्ने सवाल महत्वपूर्ण छ। किनभने नेतृत्वले नीति बनाउँछ, कार्यान्वयन गर्छ र परिणाम सुनिश्चित गर्छ। जब नेतृत्व इमानदार, दूरदर्शी र जनउत्तरदायी हुन्छ, तब नीति केवल दस्तावेज होइन, जनजीवन परिवर्तन गर्ने उपकरण बन्छ। त्यसैले अब हामीले प्रश्न उठाउनुपर्छ, नीति सुधार्ने कि नेतृत्व बदल्ने ? उत्तर स्पष्ट छ– नेतृत्व सुधारिएपछि मात्रै नीति सफल हुन्छ।

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

आफ्नो नैतिकता अरूको आदेशमा गरिने विषय वस्तु हो र ? अपठितहरूलाई नैतिकताको ज्ञान नहुन सक्छ, विद्यमान मन्त्रिमण्डलमा त्यस्तो 'लिख लोडा पढ पत्थर'को अवस्थामा त कोही मन्त्रीहरू हुनुहुन्न होला ? देशको मन्त्री जस्तो मान्छेलाई अरूले भनिरहने कुरा हो र ? कुरा त देशको हो।




**निर्मल प्रसाईं**

साइकलमा भ्रष्ट्राचार गर्ने - च्याँखे पार्टी। टिकापुरमा ३०० बिघा जमिन खाने - च्याँखे पार्टी। पतञ्जलिको आवरणमा सयौं बिघा जमिन किर्ते गर्ने - च्याँखे पार्टी। पोखराको लिची बगानमा दलाली गर्ने - च्याँखे पार्टी। शेरा दरबार लुट्ने - च्याँखे पार्टी। च्याँखे पार्टी - राष्ट्रिय समस्या।



**खुश्बु ओली**

ललिता निवास काण्डमा जग्गा फिर्ता गऱ्यो भनेर उन्मुक्ति, कालोबजारी गर्ने व्यापारीलाई सरकारी वकिलले बहस नै नगरेर उन्मुक्ति, मन्त्रीहरूले घुस खायो, डिल गऱ्यो, राजीनामा दिएपछि 'क्लिन चिट' ! यो सरकार कि 'अपराध उन्मुक्ति बोर्ड' हो ?



**यादव देवकोटा**

मानिस मन्दिरदेखि मसानघाटसम्म, अस्पतालको लाइनदेखि मन्त्रीको क्याबिनसम्म किन भ्रष्टाचार गरिरहेको छ ? यो समस्या फलानो भ्रष्टाचारी भयो भनेर मात्रै सकिन्छ कि कारकहरूको निदानमा सामाजिक सामर्थ्य र चेतनाको लगानी जरुरी छ ? नोकरशाही पुँजीवादसँग हाम्रो अपेक्षाको सीमा कति हुनुपर्ने हो ?

# नवराजपुर गाउँपालिकाको बेरुजु १७ करोड नाघ्यो

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १ साउन



सिरहाको नवराजपुर गाउँपालिकाको बेरुजु रकम १७ करोड नाघेको छ । महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनअनुसार गाउँपालिकाको बेरुजुमा रु. १ करोड ४७ लाख १४ हजार थपिएसँगै जम्मा बेरुजु रकम रु. १७ करोड ७१ लाख ४९ हजार पुगेको छ ।

सुशासनको चर्चा गर्ने गाउँपालिका अध्यक्ष शिव उदगार यादव नेतृत्वमा बेरुजुको चाङ थपिँदै जाँदा आर्थिक अनुशासनप्रति प्रश्न उठ्न थालेको छ। स्थानीयहरूबीच पालिकाको खर्च प्रणालीमाथि शंका बढेको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा आर्थिक प्रशासनको नेतृत्व तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजकिशोर साहले गरेका थिए ।

गाउँपालिकाले एकीकृत वित्तीय विवरण अन्तर्गत अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत प्राप्त रु. ८ करोड ९१ लाख ३३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत रु. १ लाख ९७ हजार र प्रशासकीय भवन निर्माणको रु.१२ लाख, अर्थात् कुल रु.९ करोड ५ लाख ३० हजारको लेखापरीक्षण नगरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

गाउँपालिकाले संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत रु.१३ करोड २३ लाख ८० हजार, समपूरक अनुदान अन्तर्गत रु. ५ लाख र विशेष अनुदान अन्तर्गत रु. ८० लाख गरी कुल रु. १४ करोड ८ लाख ८० हजार प्राप्त गरेको थियो । तर वर्षको अन्त्यसम्ममा रु. ५ करोड २७ लाख ११ हजार खर्च हुन नसकी बचत भएको र २०८१ साल असोज २३ गते उक्त रकम संघीय संचित कोषमा फिर्ता गरिएको छ । अनुदान खर्च गर्न नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको रिपोर्टमा उल्लेख छ ।

**लेखापरीक्षणमा देखिएको बेरुजु**

गाउँपालिकाको रु. ७९ करोड १७ लाख ६९ हजार को लेखापरीक्षण गर्दा रु.१ करोड ४७ लाख ३७ हजार बेरुजु देखिएको छ । सोमध्ये रु. २३ हजार बेरुजु फर्स्योट भइसकेको छ, भने रु. ३७ लाख ६३ हजारका लागि प्रमाण कागजात पेस गर्नुपर्ने उल्लेख गरिएको छ । यस आर्थिक वर्षको लागि रु. १ करोड ४७ लाख १४ हजार बेरुजु कायम रहेको छ । यसअघि (गत वर्षसम्म) रु.१६ करोड २५ लाख ३५ हजार बेरुजु बाँकी थियो । हाल समायोजन, सम्परीक्षण, फर्स्योट र नयाँ बेरुजु समेत गरी हालसम्मको अद्यावधिक बेरुजु रु.१७ करोड ७१ लाख ४९ हजार पुगेको छ ।

# अपराध नियन्त्रणमा अर्घाखाँची प्रहरी सफल : डिएसपी मल्ल

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ साउन



जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक (डिएसपी) चक्रबहादुर मल्लले जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गर्न अर्घाखाँची प्रहरी सफल भएको दाबी गरेका छन् ।

झण्डै १० महिना अगाडि अर्घाखाँचीको जिम्मेवारी सम्हालेका डिएसपी मल्लले बिहीबार पत्रकारहरूसँग वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै कानून कार्यान्वयनका सवालमा कसैसँग सम्झौता नगरी इमान्दारीपूर्वक काम गरेको बताए ।

'जनतालाई भरोसा, अपराधीलाई डर हुने ढंगबाट मैले काम सुरु गरेँ,' उनले भने, 'शान्ति, सुरक्षा र अमनचयन कायम गर्ने कुरामा कुनै पनि कसुर बाँकी नराखी काम गरेकाले अहिलेसम्म आफूलाई एक इमान्दार प्रहरी अफिसरको रूपमा स्थापित गराउन सफल भएको छु ।'उनले संगठनको भरोसा र जनताको विश्वास गुम्न नदिने गरी काम गर्दै आएको स्पष्ट पारे ।

डिएसपी मल्लका अनुसार, अर्घाखाँचीमा एक वर्षको अवधिमा आत्महत्या गरेर मृत्यु हुनेको संख्या ५० पुगेको छ । आर्थिक वर्ष २०८१/८२ मा झुन्डिएर ४९ जना र विष सेवनबाट १ जना गरी ५० जनाले आत्महत्या गरेका हुन् । आत्महत्या गर्नेहरूमा १९ देखि ३० वर्ष उमेर समूहका २५ जना, ३६ देखि ४६ वर्ष समूहका १९ जना र ६० वर्षभन्दा माथिका ६ जना रहेका छन्।

आत्महत्याका प्रमुख कारणहरूमा अशिक्षा, गरिबी, सामाजिक सञ्जालको अत्यधिक प्रयोग, वैदेशिक रोजगारी, मानसिक रोग, प्रेममा असफलता लगायत रहेका डिएसपी मल्लले जानकारी दिए ।

**फरार प्रतिवादी पक्राउ र मुद्दा फछ्र्योट**

प्रहरीको सक्रियतामा विभिन्न मुद्दामा फरार ३० जना प्रतिवादीलाई पक्राउ गरी कारागार चलान गरिएको छ । त्यस्तै, ३ हजार ६८ वटा सवारी कारबाहीबाट रु. ४२ लाख २८ हजार राजस्व संकलन गरिएको छ। बाल विवाह, जुवा, ज्यान मार्ने उद्योग, ठगी, लागुऔषध, चोरी लगायतका १६४ वटा मुद्दा दर्ता भएका मध्ये ६४ वटा मुद्दा फछ्र्योट भएका छन् ।

यस्तै जिल्लामा पहिरो, हावाहुरी र आगलागीबाट ५९ घर र ३३ वटा गोठमा क्षति पुगेको छ। यस घटनाबाट ३२ वटा चौपाया मरेका छन् भने ३३ घाइते भएका छन् ।

अर्घाखाँची प्रहरीले १,९३१ स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी ३५ हजार ६७१ जनालाई लाभान्वित बनाएको छ । त्यस्तै सडकमा चालक र सहचालकका लागि आँखा परीक्षण शिविर तथा मुख्य सडकहरूमा चेतनामूलक बोर्डहरू राखिएको डिएसपी मल्लले जानकारी दिए ।

# उपचारका लागि सहयोगको खोजीमा धनवीर



**हुम्ला/मस–** हुम्लाको सिमकोट गाउँपालिका-८ याङ्गुका ५६ वर्षीय धनवीर कामी विगत छ वर्षदेखि कुष्ठरोगबाट ग्रसित छन्। प्रारम्भमा केही समय जिल्ला अस्पताल पुगेर उपचार गरे पनि पछिल्ला चार वर्षदेखि उनी उपचारविहीन अवस्थामा बस्न बाध्य छन्। हाल उनी हिँड्डुल गर्नै नसक्ने स्थितिमा पुगेका छन् ।

